# सरावल गाँउपालिका
## गाँउ कार्यपालिकाको कार्यालय
सरावल, नवलपरासी

## सिँचाई उपकरण आपूर्ती सम्बन्धी बोलपत्र पत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७७/०२/११

यस कार्यालयको आ.ब.२०७६/०७७ को बार्षिक स्वीकृत कार्यक्रम बमोजिम कार्यक्रम संचालन गर्न आवश्यक पर्ने सिँचाई समाग्री आपूर्ति गर्नु पर्ने भएको हुँदा के कति दररेटमा उल्लेखित सिँचाई समाग्री उपलब्ध गराउन सक्ने हो सो उल्लेख गरी इजाजत प्राप्त संस्था, फर्म र कम्पनीको लागि ३०दिने सुचना प्रकाशित गरिएको छ । इच्छुक आपुर्तिकर्ताले निम्न शर्त पालना गरी तोकिएको म्याद भित्र यस कार्यालयमा सिलबन्दी बोलपत्र पेश गर्नुहुन अनुरोध छ ।

(बुद्ध प्रकाश पौडेल)
प्रमुख प्रशासकीय अधिकृत

तपसिल

१. बोलपत्र खरिदको लागि निवेदन साथ आ.ब. २०७६/०७७ को आयकर चुक्ता प्रमाण पत्र, सिँचाई समाग्री कारोबारका लागी इजाजत प्रमाण पत्र, स्थायी लेखा नम्बर, मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र,संलग्न राखी बोलपत्र दस्तुर यस कार्यालयको राजश्व शाखामा नगदै दाखिला गरि वा रा.बा. बैक परासीमा रहेको संचितकोष खाता नं.३१०००३०४०१०००३मा दाखिला गरेको सक्कल भौचर राखी पेश गर्नुपर्नेछ ।

२. सरावल गाँउपालिकाको कार्यालयले आवश्यकता अनुसार सिँचाई उपकरणको गुणस्तरका लागी Technical Audit गर्न सक्नेछ ।

३. आपूर्तिकर्ताले बोलपत्र पेश गर्दा सम्पुर्ण खर्च समावेश गरी पेश गर्नुपर्नेछ र तोकिएको डेलिभरी स्थान सम्म ढुवानी गर्नुपर्नेछ तर ढुवानी वापत थप रकम उपलब्ध गराईने छैन ।

४. आपुर्तिकर्ताले तल उल्लेखित प्राथमिकता तोकिएका कम्पनीहरुमात्र आपुर्तिका लागी आवेदन गर्न सक्नेछन अन्य कम्पनीहरु उल्लेख गरी दर्ता भएको आवेदनलाई मुल्याङ्कनका लागी सो कम्पनीहरु समावेश गरिने छैन ।

५. कार्यालयबाट स्वीकृत भएका आपुर्तिकर्ताहरुलाई अनुदान रकम भुक्तानी हुनेछ र बाँकि रकमका लागी तोकिएका कृषक समुह ,कृषि फार्म तथा सहकारीबाट आपूर्तिकर्ताले स्यमं भुक्तानी लिनुपर्नेछ ।

६. सरावल गाँउपालिका रा.बा. बैंकको धरौटि खाता नं.३१०००३०३००००००३ मा दाखिला गरेको सक्कल भौचर वा जमानत प्राप्त बैकंबाट दरभाउ पत्रको अन्तिम मितिबाट लागु हुने गरि ९० दिन म्याद सहित जारी भएको बिडबन्ड संलग्न गर्नु पर्नेछ र सिलबन्दी बोलपत्र स्वीकृत भएमा थप २.५ प्रतिशत रकम जम्मा सहित सम्झौता गरी कार्यारम्भ गर्नु पर्नेछ ।

७. स्वीकृत कार्यक्रममा थपघट वा कुनै किसिमको संशोधन भई आएमा सोही बमोजिम हुनेछ ।

८. प्रथम पटक सुचना प्रकाशित मितिले ३१ औं दिनको १२.०० बजेसम्म कार्यालयमा दाखिला गर्नुपर्ने छ । यदि उक्त दिन बिदा पर्न गएमा सोको भोली पल्ट निर्धारित समयमा नै कार्यालयमा दाखिला गरिसक्नुपर्नेछ । बोलपत्र कार्यालय प्रतिनिधि र प्रस्तावकर्ता वा निजको प्रतिनिधिको रोहबरमा सोही दिनको अपरान्ह २.०० बजे कार्यालयमा खोलिनेछ । प्रस्तावक वा निजको प्रतिनिधि उपस्थित नभएपनि बोलपत्र खोल्न बाधा पर्नेछैन । म्याद नाघी आएको, रित नपुगेको र सर्त राखिएको प्रस्ताव उपर कनै कारवाही गरिने छैन ।

९. बोलपत्र स्वीकृत गर्ने, नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१०. बिस्तृत जानकारीका लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ ।

११. बोलपत्रको सम्बन्धमा बिस्तृत जानकारी लिनुपरे यस सरावल गाँउपालिकाको कृषि बिकास शाखामा समय भित्र सम्पर्क राख्न सकिने छ ।

१२. अन्य व्यहोरा सार्वजनिक खरिद ऐन र प्रदेश ५ को बिषेश अनुदान कार्यक्रम कार्याविधि २०७५ बमोजिम हुनेछ ।

१३. कुल लागत ईष्टिमेट

| क.स. | खरीद गर्न सकिने सिँचाई समाग्री को प्राथमिकिकरण | | स्पेसिफिकेसन | परिमाण | लागत अनुमान | धरौटी रकम रु. | सिलबन्दी दरभाउ पत्र दस्तुर | कै. |
|---|---|---|---|---|---|---|---|---|
| १ | डिजेल पम्पसेट | भारत शक्ति | साईज-३×२.५ ईन्च ५ हर्षपावर ,वाटरकूल, १५०० आर.पि.एम | केही | ३००००००/- | ७५०००/- | ३०००/- | |
| २ | | फिल्ड मार्सल | | | | | | |
| ३ | | कमिट | | | | | | |
| ४ | सेक्सन पाईप(फुटवाल समेत) | | ३ ईन्च | केही | | | | |
| ५ | मोटर पम्पसेट | | ३×३ ईन्च २ हर्ष पावर सिंगलफेज किलोस्कर | केही | | | | |

प्रमुख प्रशासकीय अधिकृत